# घोराही उप–महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, ५ नं. प्रदेश, नेपाल

शिक्षा,युवा तथा खेलकूद महाशाखा

फोन–फ्याक्स :
०८२–५६०१६२
५६०२४३
५६१२६८
५६०७००
दमकल यन्त्र : ०८२–५६०४५५
www.ghorahimun.gov.np


पत्र संख्याः- २०७५/७६ ( शिक्षा )

चलानी नं :- २६०

मितिः- २०७५/११/५

श्री घोराही उपमहानगरपालिका स्थित सम्पूर्ण सामुदायिक प्राथमिक विद्यालयहरु,

दाङ ।

विषयः- नमूना विद्यालयको लागि प्रस्ताव पेश गर्ने सम्वन्धमा ।

प्रस्तुत विषयमा आ.ब.२०७५/७६ को वार्षिक कार्यक्रम अन्तरगत घोराही उपमहानगरपालिकाले देहायको मापदण्ड र सर्तका आधारमा सामुदायिक प्राथमिक विद्यालयहरु मध्येबाट २ (दुई) वटा विद्यालयहरुलाई नमूना विद्यालयको रुपमा विकास गर्नका लागि प्रति विद्यालय रु ५ लाख र ICT अनुदान रु २ लाख ५० हजार गरी जम्मा रु ७ लाख ५० हजार प्रदान गर्ने कार्यक्रम रहेको हुनाले तपसिलको कागजातहरु सहित २०७५ फागुन २५ गते भित्र छनौट प्रयोजनको लागि प्रस्तावित नमूना विद्यालय विकास प्रस्ताव, कार्यक्रम र योजना तथा वजेट विद्यालय व्यवस्थापन समितिको निर्णयसहित पेश गर्नुहुन अनुरोध छ ।

<u>छनौटका मापदण्डहरु तथा सर्तहरुः</u>

१. विद्यालयसँग पर्याप्त जग्गा भएको ।

  क. न्यूनतम ३ कठ्ठा

  ख. न्यूनतमभन्दा वढी

२. विद्यार्थी संख्या कक्षा १ देखि ५ सम्म न्यूनतम १०० जना ।

३. शैक्षिक सत्र २०७६ मा विद्यार्थी संख्या कम्तीमा २५ जना वढाउने शिक्षक र विव्यसबाट प्रतिवद्धता ।

४. कम्तीमा ३ जना शिक्षक दरवन्दी भएको।

५. शैक्षिक सत्र २०७४ को सिकाइ उपलब्धि न्यूनतम् ६० प्रतिशत भएको ।

६. शैक्षिक सत्र २०७६ मा सिकाइ उपलब्धि २०७५ को भन्दा कम्तीमा १० प्रतिशत वृद्धि गर्ने शिक्षक र प्रअको प्रतिवद्धता ।

७. पुस्तकालयको व्यवस्थासहित कम्तीमा २०० वटा बालमैत्री पुस्तकहरु भएको ।

८. कक्षा ३ सम्म कार्पेटिङ र कक्षा ४/५ मा प्रति कक्षा ६ सेट डेस्क वेञ्च भएको वा वनाउने प्रतिवद्धता।

९. नियमानुसार विव्यस गठन भएको र पदावधि रहेको ।

१०. कम्तीमा ८ वटा कक्षा कोठा भएको ।

श्री ... भट्टराई

घोराही उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

घोराही, दाङ, ५ नं. प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
फ्याक्स : ०८२-५६०४९९
www.ghorahimun.gov.np


११. शौचालय छात्र र छात्राको लागि वेग्ला वेग्लै भएको ।

१२. खेल मैदानको लागि कम्तीमा २ कठ्ठा ठाउँ भएको ।

१३. विद्यालयमा खेलकूद सामग्री भएको ।

१४. शिक्षक उपस्थिति न्यूनतम ९२ प्रतिशत भएको र हुने प्रतिवद्धता।

१५. ICT को माध्यमबाट पढाउन सक्ने शिक्षक भएको ।

१६. ICT को माध्यमबाट पढाउनको लागि शिक्षकको प्रतिवद्धता ।

१७. विद्युत सुविधा भएको ।

१८. विद्यालयमा इन्टरनेट सञ्चालन हुने अवस्था रहेको ।

१९. सेवा क्षेत्र भित्र विद्यालय उमेर समूहका वालवालिका विद्यालय वाहिर नरहने गरी विद्यार्थी भर्ना गर्ने शिक्षक/अभिभावक /विव्यसको प्रतिवद्धता ।

२०. दैनिक कम्तीमा २ वटा कक्षाकोठा शैक्षिक सामग्रीसहित शिक्षण गर्ने शिक्षक प्रतिवद्धता ।

२१. विद्यालय सुधार योजना निर्माण भएको ।

२२. विद्यार्थीको स्वास्थ्य र पोषण सम्वन्धमा कम्तीमा वार्षिक २ पटक अभिभावकहरुलाई जानकारी दिने प्रतिवद्धता ।

२३. विद्यार्थीको मासिक रिपोर्ट अभिभावकलाई दिने व्यवस्था रहेको वा गर्ने प्रतिवद्धता।

२४. शुद्ध खाने पानीको व्यवस्था भएको ।

२५. सहयोगको लागि वडाको सिफारिस पत्र र प्रतिवद्धता ।

२६. सरसफाइयुक्त वातावरण भएको ।

२७. हरियाली र वगैंचा वनाउने प्रतिवद्धता ।

२८. नमूना वनाउन र सहयोग गर्न अभिभावक भेलाको प्रतिवद्धता ।

२९. विद्यालयले प्राप्त अनुदान रकमको ३० प्रतिशत आन्तरिक स्रोत वा अन्य संघसंस्थावाट व्यवस्थापन गर्ने प्रतिवद्धता ।

उप-सचिव